# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित






**Volume 17, Issue 9 No. 105 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Chaitra 2074 (April-2018)**


## १ करोड ८७ लाख भन्दा बढी ग्राहक

नेपाल टेलिकमका ग्राहक १ करोड ८७ लाख भन्दा बढी पुगेका छन् । गत २०७४ पुस महिनाको अन्त्यसम्ममा नेपाल टेलिकमको ग्राहक आधार १ करोड ८७ लाख ४४ हजार ९ सय ८६ पुगेको छ । नेपाल टेलिकमले प्रकाशित गरेको पछिल्लो पुस महिनाको MIS Report मा यो तथ्य प्रकाशित गरिएको छ ।

यसअनुसार जीएसएम मोबाइल सेवाका ग्राहक १ करोड ६४ लाख २ सय, सीडीएमए सेवाका ग्राहक १६ लाख ६० हजार तथा पीएसटीएन टेलिफोन सेवाका ग्राहक ६ लाख ८४ हजार ४ सय रहेका छन् ।

पुस मसान्तसम्म कम्पनीको डाटा सेवाका प्रयोगकर्ता ९० लाख ८९ हजार ५ सय पुगेका छन् । यसअनुसार सीडीएमए डाटा सेवाका प्रयोगकर्ता १ लाख ३६ हजार ५ सय, जीएसएमका ८७ लाख ३४ हजार ८ सय, वाइम्याक्सका १७ हजार र एडीएसएलका १ लाख ९५ हजार ९ सय प्रयोगकर्ता छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको पछिल्लो (२०७४ मंसिर महिना) MIS Report अनुसार नेपाल टेलिकमको बजार हिस्सा अग्रस्थानमा छ । उक्त प्रतिवेदनअनुसार नेपाल टेलिकमको भ्वाइसमा ४९ प्रतिशत र डाटामा ५३.३६ प्रतिशत बजार हिस्सा रहेको छ । मंसिर महिनाको अन्त्यसम्म नेपाल टेलिकमको भ्वाइस सेवाका ग्राहक १ करोड ८५ लाख ५८ हजार १ सय र डाटा सेवाका प्रयोगकर्ता ८९ लाख ३० हजार ६ सय भएको उल्लेख गरिएको छ ।

## १ लाख २५ हजार ल्यान्डलाइन फोन स्तरोन्नति

नेपाल टेलिकमले फाल्गुण महिनाको मध्यसम्ममा देशका विभिन्न स्थानमा रहेका १ लाख २५ हजार ल्यान्डलाइन फोन स्तरोन्नति गरेको छ । कम्पनीले हाल सञ्चालनमा रहेका पुराना टीडीएम प्रविधिका स्वीचिङ उपकरणलाई नयाँ प्रविधिको आइपी बेस्ड उपकरणबाट प्रतिस्थापन गरेको हो ।

वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका अनुसार काठमाडौं क्षेत्रीय निर्देशनालय अन्तर्गतका ४६ एक्सचेन्ज, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गतका ११ एक्सचेन्ज, पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गतका ७ एक्सचेन्ज, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गतका १४ एक्सचेन्ज, मध्य पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गतका १६ एक्सचेन्ज र सुदूर पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय अन्तर्गतका ३ एक्सचेन्ज गरी ९७ एक्सचेन्जमा नयाँ प्रविधिबाट प्रतिस्थापन गरी स्तरोन्नति गरिएको छ । बाँकी ल्यान्डलाइन सेवालाई पनि क्रमशः आइपी बेस्ड प्रविधिमा रुपान्तरण गर्दै लैजाने लक्ष्य रहेको छ ।

यस प्रविधि अन्तर्गतका एक्सचेन्जहरुबाट ग्राहकको मागअनुरुप एडीएसएल लाइन उपलब्ध गराउन समेत सम्भव भएको छ । साथै भविष्य(मा ल्यान्डलाइन सेवामा आधारित अन्य आधुनिक सेवा जस्तै : आइपिटिभी, भिडियो अन डिमान्ड (IPTV, Video On Demand) आदि सेवा समेत प्रदान गर्न मद्दत पुग्ने छ ।

# प्रबन्ध निर्देशक राजभण्डारी सम्मानित


तत्कालीन उप प्रधानमन्त्री गच्छदार प्रबन्ध निर्देशकलाई सम्मान गर्दै ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारी 'आउटस्ट्यान्डिङ म्यानेजमेन्ट अवार्ड २०१८' बाट सम्मानित हुनुभएको छ । नेपाल व्यवस्थापन संघ (Management Association of Nepal, MAN) ले प्रबन्ध निर्देशक राजभण्डारीलाई सो अवार्डबाट सम्मानित गरेको हो ।

गत माघ २८ गते संघको ३७औं राष्ट्रिय व्यवस्थापन अधिवेशन तथा वार्षिक साधारणसभाको अवसरमा आयोजित एक कार्यक्रममा तत्कालीन उपप्रधानमन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री विजयकुमार गच्छदारले उहाँलाई सो अवार्डबाट सम्मानित गर्नुभएको थियो ।

सो अवसरमा तत्कालीन उपप्रधानमन्त्री गच्छदारले व्यवस्थापन क्षेत्रमा योगदान पुर्‍याउन सफल भएकोमा बधाई दिदै मुलुकको व्यवस्थापन क्षेत्रमा सधैं सक्रिय भइरहन आग्रह गर्नुभयो ।

उक्त अवसरमा प्रबन्ध निर्देशक राजभण्डारीले पुरस्कार प्राप्त गर्दा गौरवान्वित भएको बताउँदै यसले आफ्नो कार्य क्षेत्रमा थप प्रतिबद्ध भएर अगाडि बढ्न प्रेरित गरेको बताउनु भयो ।

नेपाल व्यवस्थापन संघका अध्यक्ष सुशील भट्टले मुलुकको समृद्धिमा व्यवस्थापन क्षेत्रको महत्वपूर्ण भूमिका हुने बताउनु भयो ।

प्रबन्ध निर्देशक कामिनी राजभण्डारी गत २०७३ असोज ९ देखि नेपाल टेलिकमको प्रबन्ध निर्देशकको जिम्मेवारीमा रहनु भएको छ । उहाँ नेपाल टेलिकमको इतिहासमै पहिलो पटक खुल्ला प्रतिस्पर्धाबाट प्रबन्ध निर्देशक पदमा नियुक्त हुनुभएको हो । त्यसैगरी उहाँ नेपाल टेलिकमको इतिहासमा पहिलो महिला प्रबन्ध निर्देशक समेत हुनुहुन्छ ।

*(बाँकी २ पेजमा)*

# अर्धवार्षिक बजेट समीक्षा सम्पन्न



नेपाल टेलिकमको आर्थिक वर्ष २०७४/७५ को प्रथम ६ महिनाको अर्धवार्षिक बजेट समीक्षा २०७४ फाल्गुण ६ गते केन्द्रीय कार्यालयमा सम्पन्न भएको छ ।

उक्त समीक्षा कार्यक्रममा प्रस्तुत विवरणअनुसार कम्पनीले राजस्व संकलनतर्फ कुल लक्ष्यको ४६ प्रतिशत सफलता हासिल गरेको र व्ययतर्फ पुँजीगत खर्चको १२.५२ प्रतिशत खर्च भएको छ भने सञ्चालन खर्चतर्फ कुल लक्ष्यको ३६.३० प्रतिशत खर्च भएको छ ।

कम्पनीका प्रमुख सेवा वितरणतर्फ एडीएसएलमा २१ प्रतिशत, जीएसएममा ३८ प्रतिशत, सीडीएमएमा ५० प्रतिशत, पीएसटीएनमा ३० प्रतिशत र वाइम्याक्स सेवामा १० प्रतिशत प्रगति भएको छ ।

समीक्षा कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले चालु आर्थिक वर्षमा सञ्चालित योजना आयोजनाहरु निर्धारित समयमै सम्पन्न गर्न, सेवाको विस्तार एवम् गुणस्तर सुधार गर्न र राजस्व वृद्धिको लक्ष्य हासिल गर्न सबै कर्मचारीको ध्यान केन्द्रित हुनुपर्ने बताउनु भयो । उहाँले आगामी दिनमा 4G र FTTH जस्ता डाटा सेवालाई विशेष प्राथमिकता दिएर यसको विस्तार कार्यमा जोड दिदै राजस्व वृद्धि गर्नुपर्ने बताउनु भयो ।

*(बाँकी २ पेजमा)*

*(१ पेजको बाँकी)*

## प्रबन्ध निर्देशक ...

प्रबन्ध निर्देशक राजभण्डारीको कार्यकालमा नेपाल टेलिकमले नेपालमै पहिलो पटक फोरजी/एलटीई सेवा २०७३ पुस १ देखि काठमाडौं र पोखरामा शुभारम्भ गरेको थियो। हाल सो सेवालाई देशव्यापी रुपमा विस्तार गर्नका लागि बोलपत्र आह्वान भएर मूल्यांकनको चरणमा रहेको छ।

उहाँकै कार्यकालमा ल्यान्डलाइन फोनका पुरानो टीडीएम प्रविधिको स्वीचिङ उपकरणलाई नयाँ प्रविधिको आइपी बेस्ड उपकरणबाट प्रतिस्थापन गर्दै अन डिमान्ड डाटा सर्भिस र फाइबर लिज शुरु गरी गुणस्तरीय सेवा उपलब्ध गराउने कार्य शुभारम्भ भइसकेको छ।

साथै ल्यान्डलाइन सेवामा आधारित अन्य आधुनिक सेवा जस्तै : आईपीटीभी (IPTV), भिडियो अन डिमान्ड (Video On Demand) आदि सेवा समेत प्रदान गर्ने गरी कार्ययोजना अघि बढेको छ।

यो वर्ष नेपाल टेलिकमको इतिहासमै पहिलो पटक कम्पनी ऐनले तोकेकै अवधिमा कम्पनीको साधारणसभा सम्पन्न भएको छ। साथै आर्थिक वर्ष २०७३/७४ को मुनाफा रकम मध्येबाट प्रति शेयर रु. ५५ का दरले लाभांश वितरण गरिएको छ, जुन अहिलेसम्मकै सर्वाधिक हो।

नेपाल टेलिकम र चाइना टेलिकम ग्लोबल बीचको क्रसबोर्डर अप्टिकल फाइबर लिंक गत २०७४ पुस २८ बाट व्यावसायिक सञ्चालनमा आएको छ। लामो समयको प्रयास पछि सो रुटबाट इन्टरनेसनल ब्यान्डविथको इन्टरकनेक्सन सञ्चालनमा आएको हो। अब नेपालको सूचना महामार्ग भारत र चीन दुवैतिरबाट विश्वसँग जोडिन सम्भव भएको छ।



*तीन नं. प्रदेश प्रमुख कोइराला प्रबन्ध निर्देशकलाई सम्मान गर्दै।*

नेपाल टेलिकमको ल्यान्डलाइन (PSTN) बिलिङ सिष्टमलाई गत २०७४ माघ ३ गतेबाट कन्भर्जेन्ट रियल टाइम बिलिङ सिष्टम (CRTB & CS) मा माइग्रेसन गरिएको छ। कम्पनीका जीएसएम, सीडीएमए, एडीएसएल र वाइम्याक्स सेवाका बिलिङ यस अघि नै सो सिष्टममार्फत सञ्चालन भइरहेका छन्। त्यसैले अब सबैजसो सेवाको बिलिङ र ग्राहक सेवा सम्बन्धी सबै कार्य एउटै कन्भर्जेन्ट सिष्टममार्फत एकद्वार प्रणालीबाट उपलब्ध गराउन आरम्भ भइसकेको छ। त्यसैगरी कम्पनीका विभिन्न सेवाहरुलाई एकद्वार प्रणालीमार्फत Converged Package मा उपलब्ध गराउन थालिएको छ। यस अन्तर्गत ग्राहकले कुनै एउटा सेवा लिदा अर्को प्रविधिको सेवामा आकर्षक प्याकेज प्राप्त गर्न सक्ने व्यवस्था छ। हाल एडीएसएल रिचार्ज गर्दा जीएसएम मोबाइलमा विभिन्न दरको प्याकेज नि:शुल्क उपलब्ध हुने व्यवस्था छ। यस किसिमको सुविधा प्राप्त हुनु CRTB & CS को महत्वपूर्ण विशेषता हो।

जनशक्ति व्यवस्थापनको क्षेत्रमा पनि उहाँको कार्यकालमा उल्लेखनीय कार्य भएका छन्। विभिन्न कारणले गर्दा पदपूर्तिसम्बन्धी नतिजा प्रकाशन नभई रोकिइरहेका आर्थिक वर्ष २०६७/६८ देखिका नतिजा प्रकाशन कार्य सम्पन्न भएका छन्। त्यसैगरी नयाँ भर्ना तथा आन्तरिक प्रतिस्पर्धा र कार्य क्षमताको आधारमा गरिने अधिकांश बढुवा प्रक्रिया सम्पन्न भएका छन्।

### 'राष्ट्रिय नारी सम्मान २०७४' बाट सम्मानित

नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारी 'राष्ट्रिय नारी सम्मान २०७४' द्वारा समेत सम्मानित हुनुभएको छ। १०८ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सिर्जनशील महिला मञ्चले उहाँलाई सम्मान गरेको हो।

गत फाल्गुण २३ गते काठमाडौंमा आयोजित एक कार्यक्रममा प्रदेश नम्बर ३ का प्रमुख अनुराधा कोइरालाले उहाँलाई सम्मान गर्नुभएको थियो।

नेपाल सरकारको राजस्वमा महत्वपूर्ण योगदान राख्ने नेपाल टेलिकम जस्तो प्रतिष्ठित संस्थाको प्रबन्ध निर्देशकको महत्वपूर्ण पदमा रहदै राष्ट्र विकास र सामाजिक सेवामा पुऱ्याउनु भएको योगदानका लागि उहाँलाई सम्मान गरिएको सिर्जनशील महिला मञ्चले उल्लेख गरेको छ।

## अर्धवार्षिक बजेट...

*(१ पेजको बाँकी)*

सो कार्यक्रममा कम्पनीका प्रमुख वित्तीय अधिकृत सूर्यभक्त पोखरेलले कम्पनीको अर्धवार्षिक प्रगति विवरण प्रस्तुत गर्दै कम्पनीले आफ्नो लक्ष्य अनुरुपको सफलता हासिल गरिरहेको र कम्पनीको बजेट तथा कार्यक्रमलाई लक्ष्योन्मुख बनाउन सम्बन्धित सबैको सहयोग आवश्यकता रहेको बताउनु भयो।

कार्यक्रममा आधिकारिक ट्रेड युनियनको तर्फबाट नेपाल दूरसञ्चार कर्मचारी संघका महासचिव यादव प्रसाद पनेरुले बजेट समीक्षा कार्यक्रममा औंल्याइएका कमी कमजोरीहरु सुधार गर्न आग्रह गर्दै कम्पनीको लक्ष्य प्राप्तिका लागि युनियन सधैं सहयोगी रहने बताउनु भयो।

उक्त समीक्षा कार्यक्रममा कम्पनीका विभिन्न विभाग तथा निर्देशनालयका प्रमुखहरुले ६ महिनाको भौतिक तथा वित्तीय प्रगति र गर्नुपर्ने कार्यहरु सम्बन्धमा आआफ्ना धारणा प्रस्तुत गर्नु भएको थियो।

## होली अफर

गत फाल्गुण १७ र १८ गते मनाइएको होली पर्वको अवसरमा नेपाल टेलिकमले ग्राहकहरुका लागि 'होली अफर' उपलब्ध गराएको थियो। कम्पनीका जीएसएम मोबाइलका ग्राहकहरुले सो अफरको उपयोग गर्न सक्ने व्यवस्था थियो। सो अफर गत फाल्गुण १७ देखि चैत १ गतेसम्म खरिद गरी उपभोग गर्न सकिने व्यवस्था थियो।

कम्पनीले राती १० देखि बिहान ६ बजेसम्म प्रयोग गर्न सकिने अनलिमिटेड भ्वाइस नाइट कल अफर उपलब्ध गराएको थियो। सो अफर ३५ रुपैयाँमा खरिद गर्न सकिने र ३ दिन सम्म कल गर्न सकिने व्यवस्था थियो।

त्यसैगरी ५० रुपैयाँमा अल टाइम अनलिमिटेड डाटा प्रयोग गर्न सकिने व्यवस्था थियो। डाटा खरिद गरेको २४ घण्टासम्म यसको प्रयोग गर्न सकिने व्यवस्था थियो। १ जीबी डाटा थ्रिजी/फोरजीको गतिमा चल्ने र त्यसपछि भने २५६ केबीपीएसको गतिमा चल्ने व्यवस्था थियो।

एक रातका लागि मात्र प्रयोग गर्नका लागि अनलिमिटेड नाइट डाटा प्याक उपलब्ध गराइएको थियो। सो नाइट डाटा प्याक १५ रुपैयाँमा राती १० देखि बिहान ६ बजेसम्म प्रयोग गर्न सकिने व्यवस्था थियो। १ जीबी डाटा थ्रिजी/फोरजीको गतिमा चल्ने र त्यसपछि भने २५६ केबीपीएस (Kbps) को गतिमा चल्ने व्यवस्था थियो।

अनलिमिटेड भ्वाइस, डाटा र एसएमएस अफर खरिद गरेपछि एक घण्टासम्म कम्पनीको नेटवर्कभित्र अनलिमिटेड कल गर्न, एसएमएस गर्न र डाटा चलाउन सकिने पनि व्यवस्था थियो। सो प्याक २५ रुपैयाँमा खरिद गर्न सकिने व्यवस्था थियो।


## सस्तो दरमा भारत कल

नेपालबाट भारतमा कल गर्नका लागि अब सस्तो दरको प्याकेज लिन सकिने भएको छ। यसका लागि कम्पनीले डेली प्याक, विक्ली प्याक र मन्थ्ली प्याक गरी तिन प्रकारको प्याक अफर ल्याएको छ। डेली प्याक अन्तर्गत ३५ रुपैयाँमा १५ मिनेट कल गर्न सकिने छ। सो प्याक १ दिनका लागि मात्र उपलब्ध हुनेछ।

त्यसैगरी विक्ली प्याक अन्तर्गत १५० रुपैयाँमा ६५ मिनेट र मन्थ्ली प्याक अन्तर्गत ५०० रुपैयाँमा २२५ मिनेट कल गर्न सकिने छ। यी प्याक क्रमश: ७ दिन र एक महिनासम्म प्रयोग गर्न सकिने छ। प्याकबाट प्रतिमिनेट २ रुपैयाँ २२ पैसासम्मको सस्तो दरमा भारतमा कल गर्न सकिने छ। यसबाट पहिलेको दर भन्दा ४० प्रतिशत सम्म सस्तो दरमा कल गर्न सकिने छ।

डेली प्याकका लागि जीएसएम मोबाइलबाट DINDIA, साप्ताहिक प्याकका लागि WINDIA र मन्थ्ली प्याकका लागि MINDIA लेखेर १४१५ मा एसएमएस गर्न सकिन्छ। त्यसैगरी यी प्याक खरिद गर्न तथा थप जानकारी लिनका लागि *1415# डायल गर्न पनि सकिन्छ।

नेपाल टेलिकमले ग्राहकहरुका लागि ल्याएको स्प्रिङ अफर (Spring Offer) अन्तर्गत यो सुविधा उपलब्ध गराएको हो। उक्त अफर आगामी २०७५ बैशाख २५ गते सम्म लिन सकिने छ।




नेपाल टेलिकमका विभिन्न सेवा सम्बन्धमा उपभोक्ताहरूले विभिन्न माध्यमबाट जिज्ञासा राख्ने गर्नु भएको छ। यस्ता जिज्ञासाहरूको जवाफ सबै सेवाग्राहीलाई उपयोगी हुने महसुस गरी यस सम्बन्धी बारम्बार सोधिने केही प्रश्न र त्यस सम्बन्धमा कम्पनीको भनाइ प्रस्तुत गरिएको छ।

**घरैमा बसेर अनलाइन रुपमा नेपाल टेलिकमको टेलिफोन र मोबाइलको बिल कसरी हेर्न सकिन्छ ?**

घरैमा बसेर अनलाइन रुपमा पनि नेपाल टेलिकमका विभिन्न सेवाहरुको बिल हेर्न सकिन्छ। अनलाइन मार्फत पीएसटीएन टेलिफोन, जीएसएम मोबाइल वा सीडीएमएको छोटकरी बिल (Summary Bill) हेर्न सकिने व्यवस्था गरिएको छ।

यसका लागि निम्न प्रक्रिया अपनाउनु हुन अनुरोध छ :

- ✓ नेपाल टेलिकमको वेबसाइट www.ntc.net.np मा जानुहोस्।
- ✓ Right Side को केही तल रहेको Utility को Online Mobile Bill मा जानुहोस्।
- ✓ नयाँ पेजमा Service Category र Bill चाहिएको महिना छान्नुहोस्।
- ✓ आफ्नो PSTN Telephone Number अथवा Postpaid Mobile Number अथवा CDMA Postpaid Mobile Number राख्नुहोस्।
- ✓ Enter PUK Number भन्ने Box मा Landline टेलिफोनको लागि Account Number, GSM/CDMA को लागि PUK Number राखी Search गर्नुहोस्।
- ✓ र देखिएको Summary Bill को पहिलो पेज प्रिन्ट गर्नुहोस्।

नोट : Landline टेलिफोनको Account Number को लागि बिल तिरेको रसिदमा रहेको Account Number प्रयोग गर्न सक्नुहुनेछ अथवा बिल प्रिन्ट काउन्टरमा सम्पर्क राख्न सक्नु हुनेछ । GSM/CDMA Postpaid को PUK Number को लागि सोही नम्बरबाट PUK टाइप गरी 1415 मा SMS पठाई प्राप्त गर्न सक्नुहुनेछ।

**ल्यान्डलाइन टेलिफोनको बिल कहिले तिर्नु पर्छ ? जरिवानाको व्यवस्था के छ ?**

कम्पनीको Land Line (PSTN) टेलिफोनको महसुल भुक्तानीको लागि हाल नयाँ व्यवस्था गरिएको छ। प्रत्येक महिनाको बिल अंग्रेजी महिनाको १५ तारिखमा तयार हुन्छ। जस्तैः माघ महिनाको बिल फेब्रुअरी १५ तारिखमा तयार भएको थियो। फाल्गुण महिनाको बिल मार्च १५ तारिखमा तयार हुनेछ।

अनि प्रत्येक अंग्रेजी महिनाको १६ तारिखदेखि १५ दिनभित्रमा महसुल भुक्तानी गर्दा जरिवाना नलाग्ने व्यवस्था छ। जस्तैः माघको बिल भुक्तानी २०१८ फेब्रुअरी १६ देखि मार्च २ सम्म भएको थियो भने फाल्गुण महिनाको बिल भुक्तानी २०१८ मार्च १६ देखि मार्च ३० सम्म गर्नुपर्ने हुन्छ।

भुक्तानी गर्नु पर्ने मिति पश्चात १६औं दिनदेखि भुक्तानी गर्दा भने समयअनुसार जरिवाना लाग्नेछ। १६औं दिनदेखि पहिलो ३० दिनभित्र भुक्तानी गरेमा ३.५ प्रतिशत र त्यसपछि दोस्रो थप ३० दिनभित्र भुक्तानी गरेमा ७ प्रतिशत जरिवाना लाग्नेछ। एवं रितले प्रत्येक ३० दिनमा ३.५ प्रतिशतका दरले थप हुँदै अधिकतम २५ प्रतिशतसम्म जरिवाना लाग्नेछ।

**टेलिफोनको महसुल तथा ADSL/FTTH/WiMAX को Expire Date र Remaining Volume मोबाइल मार्फत कसरी थाहा पाउने ?**

- ✓ नेपाल टेलिकमको सिम प्रयोग गरिएको आफ्नो मोबाइलको म्यासेज बक्समा जानुहोस्।
- ✓ टेलिफोनको बाँकी महसुल थाहा पाउन म्यासेज बक्समा cb* पछि एरिया कोड सहितको टेलिफोन नम्बर (जस्तै : cb*01xxxxxxx) राखी १४१५ मा एसएमएस गर्नुहोस्। (जस्तै : cb*014216400 टाइप गरी 1415 मा एसएमएस पठाउने।)
- ✓ Unlimited ADSl को Expire Date थाहा पाउन New Messages मा गई VL*NTADSL पछि एरिया कोड सहितको नम्बर टाइप गरी 1415 मा एसएमएस पठाउनु होस्। (जस्तै : VL*NTADSL014246400 टाइप गरी 1415 मा एसएमएस पठाउने।)
- ✓ Volume Based ADSL,FTTH,WiMAX को Remaining Volume थाहा पाउन New Messages मा गई FR*NTADSL014xxxxxx Or FR*NTFTTH014xxxxx Or FR*WiMAX user name टाइप गरी 1415 मा एसएमएस पठाउनु होस्। जस्तै : FR*NTADSL014216400 Or FR*NTFTTH014216400 टाइप गरी 1415 मा एसएमएस पठाउने। आफ्नो एरिया कोड र नम्बर राख्नु पर्छ।)

नोट : यस अघि प्रयोगमा रहेको १६०६ मार्फत बिल बुझ्ने तरिका हाल बन्द गरिएको छ।

## पोष्टपेड मोबाइल बिलसम्बन्धी केही जिज्ञासा र समाधान

**क. अहिले पनि बिलमा STD चार्ज भनेर आउँछ। अब देशैभरी लोकल भएको होइन र ?**

नेपाल टेलिकमको मोबाइलबाट कम्पनीको नेटवर्कभित्र देशभर कुनै पनि ठाउँमा गरिने कल (लोकल र STD दुवै) मा लाग्ने महसुल दर समान रहेको छ। तर बिलिङ गर्दा आफ्नो अञ्चलभित्र गरिएको कललाई लोकल शीर्षकमा तथा देशभित्रका अन्य नम्बरमा गरिएका कललाई STD शीर्षकमा राखिन्छ। कललाई लोकल र STD गरी छुट्याइएको भए तापनि ग्राहकले तिर्नुपर्ने रकममा कुनै फरक पर्दैन।

**ख. Discount रकम महिनै पिच्छे फरक आउछ ? कुनै महिनामा रु. ३००।- र कुनै महिनामा कम किन ?**

मासिक न्यूनतम महसुल (Rental) रु. ३००।- लाग्ने पोष्टपेड मोबाइल प्रयोगकर्तालाई मासिक रु. ३००।- बराबरकै Voice Call, SMS र Data सेवा निःशुल्क उपलब्ध हुन्छ। ग्राहकले तिर्नु पर्ने रेन्टल रकम रु. ३००।- (Fixed) हुन्छ तर ग्राहकले रु. ३००।- वा सो भन्दा बढीको सेवा प्रयोग गरेमा ग्राहकले पाउने Discount रु. ३००।- नै हुन्छ। तर कुनै महिनामा ग्राहकले Voice Call, SMS र Data गरी रु. ३००।- भन्दा कम मात्र सेवा उपभोग गरेमा निजले सेवा उपभोग गरेको रकम बराबर मात्र Discount दिइन्छ। अर्थात ग्राहकले निःशुल्क पाउने सुविधा प्रयोग नगरेको कारणले Discount रकम कम देखिएको हो।

**ग. टेलिफोनको Tax महिनै पिच्छे फरक छ र STD शीर्षकमा बढी Tax लिन्छ, किन ?**

Tax को दर नेपाल सरकारको नियम बमोजिम लाग्ने हो र यो सबै महिनामा एउटै छ। Voice र SMS सेवामा ११ प्रतिशत टेलिकम सेवा शुल्क र थप शुल्कमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर गरी जम्मा २५.४३ प्रतिशत Tax लाग्छ भने Data सेवामा १३ प्रतिशत मूल्य अभिवृद्धि कर मात्र लाग्छ।

**घ. आफ्नो बिल सम्बन्धी कुनै गुनासो भए कहाँ गएर गुनासो गर्ने र प्रक्रिया के हो ?**

कम्पनीको GSM मोबाइल सेवा सम्बन्धमा कुनै समस्या भएमा १४९८ मा कल गर्न सकिन्छ भने ग्राहकको कुनै गुनासो/सिकायत भएमा नजिकको दूरसञ्चार कार्यालयमा सम्पर्क गर्न सकिन्छ।

# कम्पनी र वायुसेवा निगम बीच सम्झौता




नेपाल टेलिकम र नेपाल वायुसेवा निगम बीच व्यवसाय प्रवर्द्धन सम्बन्धी सम्झौता सम्पन्न भएको छ। सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र नेपाल वायुसेवा निगमको तर्फबाट महाप्रबन्धक सुगत रत्न कंसाकारले हस्ताक्षर गर्नुभएको छ।

सम्झौता बमोजिम नेपाल वायु सेवा निगमका जहाजहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडानहरुमा प्रयोग हुने क्याबिन Baggage Tag हरुमा निर्दिष्ट गरिएको स्थानमा नेपाल टेलिकमका सेवाहरुको प्रवर्द्धनात्मक सामग्री राखिने छ।

उक्त सम्झौता २०७४ चैत १ देखि सुरु भई ५ लाख थान Baggage Tag खपत नभएसम्मको लागि लागू हुनेछ।

सो अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले यस कार्यबाट कम्पनीको व्यवसाय प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गर्दै अन्य कार्यमा समेत नेपाल वायुसेवा निगमसँग सहकार्य गर्ने योजना रहेको बताउनु भयो।

नेपाल वायुसेवा निगमका महाप्रबन्धक सुगत रत्न कंसाकारले देशकै अग्रणी दूरसञ्चार सेवाप्रदायकसँग सहकार्य गर्न पाएकोमा खुसी ब्यक्त गर्दै आगामी दिनमा समेत निरन्तर सहकार्यको अपेक्षा गर्नुभयो।

# फ्रिडम अफर

नेपाल टेलिकमले फागुन ७ गते मनाइएको यस वर्षको प्रजातन्त्र दिवसको अवसरमा ग्राहकहरुका लागि 'फ्रिडम प्याक' अफर उपलब्ध गरायो। कम्पनीको जीएसएम र सीडीएमए मोबाइलका ग्राहकहरुले सो प्याकको उपयोग एक घण्टासम्म अनलिमिटेड रुपमा गर्न सक्ने व्यवस्था गरिएको थियो।

जीएसएम तथा सीडीएमएका ग्राहकले सो प्याक खरिद गरेपछि एक घण्टासम्म कम्पनीको नेटवर्कभित्र अनलिमिटेड कल गर्न, एसएमएस पठाउन र डाटा चलाउन सक्ने व्यवस्था थियो। सो प्याक २५ रुपैयाँमा खरिद गर्न सकिने व्यवस्था थियो।

सो प्याक गत फाल्गुण ६ देखि फाल्गुण ८ गतेसम्म खरिद गर्न सकिने व्यवस्था थियो। एक पटक खरिद गरेको प्याक चलाउने अवधि सकिएपछि अर्को पटक फेरि प्याक खरिद गर्न सकिने व्यवस्था थियो।

# सबै सेवा CRTB & CS System मार्फत

नेपाल टेलिकमले ल्यान्डलाइन फोन (PSTN) को Billing System लाई गत २०७४ माघ ३ गतेदेखि Convergent Real Time Billing and Customer Support (CRTB & CS) System मा Migration गरेर सञ्चालनमा ल्याएको छ ।

कम्पनीका जीएसएम, सीडीएमए, एडीएसएल र वाइम्याक्स सेवाहरु यस अघि नै सो सिष्टममार्फत सञ्चालन भइरहेका छन् । त्यसैले अब सबैजसो सेवाको बिलिङ र ग्राहक सेवासम्बन्धी सबै कार्य एउटै कन्भर्जेन्ट बिलिङ सिष्टमबाट हुने भएको छ ।

सबै सेवाका ग्राहक सेवा सम्बन्धी काम एउटै सिष्टम Customer Relationship Management (CRM) बाट हुने भएकोले ग्राहकले फरक फरक सेवाका लागि छुट्टा छुट्टै काउन्टर धाइरहनु पर्ने छैन ।

सिष्टम माइग्रेसन पश्चात ल्यान्डलाइन टेलिफोनमा पनि जीएसएम पोष्टपेड मोबाइलमा जस्तै Credit Limit को अवधारणा लागू गरिएको छ । अब ग्राहकले आफ्नो उपलब्ध सीमा (Available Credit) सम्म मात्र सेवा उपभोग गर्न सक्ने व्यवस्था लागू भएको छ । विगतमा PSTN सेवा उपभोग गरेको करिब डेढ महिनापछि मात्र बिल उपलब्ध हुने गरेकोमा अब नेपाली महिना समाप्त हुनासाथ अर्थात हरेक अंग्रेजी महिनाको १६ तारिखमा बिल उपलब्ध हुनेछ ।

नयाँ व्यवस्थाअनुसार ग्राहकको लाइन जडान गर्दा शुरुमा धरौटी रकम बराबर Credit Limit कायम गरिन्छ । ग्राहकले आफ्नो आवश्यकताअनुसार थप रकम अग्रिम रुपमा जम्मा गरी Credit Limit बढाउन सक्ने छन् ।

# ट्रेड युनियन निर्वाचन सम्पन्न



*प्रमुख मानव संसाधन अधिकृत राजुबाबु अर्याल TEAN का अध्यक्ष राज बहादुर रावललाई आधिकारिक ट्रेड युनियनको प्रमाण-पत्र हस्तान्तरण गर्नुहुँदै ।*

नेपाल टेलिकमको आधिकारिक ट्रेड युनियन (CBA) निर्वाचन गत माघ २९ गते सम्पन्न भएको छ । सो निर्वाचनमा नेपाल दूरसञ्चार कर्मचारी संघ (TEAN) निर्वाचित भएको छ ।

उक्त निर्वाचनमा नेपाल दूरसञ्चार कर्मचारी संघलाई २ हजार ६४ मत प्राप्त भएको थियो भने निकटतम प्रतिस्पर्धि नेपाल टेलिकम वर्कर्स युनियनलाई १ हजार ७ सय १२ मत प्राप्त भएको थियो ।

# आधिकारिक ट्रेड युनियनले मनायो महिला दिवस

कम्पनीको आधिकारिक ट्रेड युनियन नेपाल दूरसञ्चार कर्मचारी संघको महिला विभागले १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा स्वास्थ्य सम्बन्धी सचेतना तथा परामर्श कार्यक्रमको आयोजना गरेको छ ।

उक्त कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा शुभकामना सन्देश दिँदै महिलाको विद्यमान अवस्थालाई उठाउनका लागि समावेशीकरण, सशक्तीकरण, क्षमता विकास, सुरक्षा, संरक्षणजस्ता आयामहरुलाई एकीकृत रूपमा अगाडि बढाउन जरुरी रहेको बताउनु भयो ।

सो कार्यक्रममा आधिकारिक ट्रेड युनियनका अध्यक्ष राज बहादुर रावलले महिला कर्मचारी दिदी बहिनीहरुको अधिकार प्राप्तिको अभियानमा आफू सदैव सहयोगीको भूमिकामा रहने बताउनु भयो । उक्त कार्यक्रममा प्रशिक्षक नानी थापाले स्वास्थ्य सचेतना सम्बन्धी प्रशिक्षण तथा परामर्श दिनु भएको थियो ।

महिला जागरूकता सम्बन्धी सो दिवस ८ मार्चमा विश्वभर मनाइन्छ । राजनीतिक तवरबाट शुरु भएको भए तापनि हाल महिला अधिकार, महिला सशक्तिकरण र समानता आदि सवालहरू अन्तर्राष्ट्रिय महिला दिवसका बिषयहरू हुने गरेका छन् । उक्त कार्यक्रम संघका महिला विभाग प्रमुख कुमारी कलावती अवस्थीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# सेवानिवृत्त ना.प्र.नि.हरुको विदाई

नेपाल टेलिकमले तीन जना सेवानिवृत्त नायब प्रबन्ध निर्देशकहरुको विदाई कार्यक्रम सम्पन्न गरी उहाँहरुको सुखमय निवृत्त जीवनको कामना गरेको छ ।

गत फाल्गुण २२ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा पूर्व नायब प्रबन्ध निर्देशकहरु श्यामप्रसाद शुक्ल अधिकारी, देवनारायण यादव र लोचनलाल अमात्यलाई बिदाई गरिएको छ ।

उहाँहरुलाई कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र प्रमुख मानव संसाधन अधिकृत राजुबाबु अर्यालले पुष्प गुच्छा र मालासहित मायाको चिनो उपहार प्रदान गरी बिदाई गर्नुभएको थियो ।

सो अवसरमा प्रबन्ध निर्देशक राजभण्डारीले उहाँहरुको सुखमय निवृत्त जीवनको कामना गर्दै उहाँहरुको कार्यकालमा कम्पनीका मुख्य योजना/आयोजनाहरु सम्पन्न भएका र अहिले पनि कतिपय महत्वपूर्ण आयोजनाहरु कार्यान्वयनको क्रममा रहेको स्मरण गर्दै नेपाल टेलिकमप्रति उहाँहरुले दिनुभएको योगदान अविष्मरणीय रहने बताउनु भयो ।



*श्यामप्रसाद शुक्ल अधिकारी*



*देवनारायण यादव*



*लोचनलाल अमात्य*

सेवानिवृत्त ना.प्र.नि. श्यामप्रसाद शुक्ल अधिकारीले सबै कर्मचारीको सहयोगले आफूले सबै स्थानमा कार्य अनुभव गर्ने मौका पाएको र लक्ष्य प्राप्ति गर्न सहज भएको बताउदै कुनै पनि लक्ष्य निर्धारण गरेर अगाडि बढेमा आगामी दिनमा कम्पनीले सफलता प्राप्त गर्ने बताउनु भयो ।

सेवानिवृत्त ना.प्र.नि देवनारायण यादवले कम्पनीबाट आफूहरुले धेरै कुरा प्राप्त गरेको बताउदै कार्यरत कर्मचारीले अझै लगनशीलता र कर्मठताका साथ कार्य गरेमा कम्पनीमा धेरै राम्रो अवसर सिर्जना गर्न सकिने बताउनु भयो ।

सेवानिवृत्त ना.प्र.नि लोचनलाल अमात्यले कम्पनीमा पहिलो पटक कम्प्युटर ल्याएको समयको स्मरण गर्दै प्रविधिकै माध्यमबाट टिमवर्कका साथ काम गरेकोले नै कम्पनीले सफलता प्राप्त गरेको बताउनु भयो ।

उहाँहरुले आवश्यक परेमा आगामी दिनमा समेत कम्पनीले मागेको सहयोग प्रदान गर्नका लागि सदैव तयार रहने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

श्यामप्रसाद शुक्ल अधिकारी २०४२ असोज २५ गते, देवनारायण यादव २०४३ असार ८ गते र लोचनलाल अमात्य २०४४ जेठ १ गते तत्कालीन नेपाल दूरसञ्चार संस्थानमा स्थायी रुपमा सेवा प्रवेश गर्नुभएको थियो । अधिकारी गत २०७४ भाद्र १६ गते प्रमुख मानव संसाधन अधिकृत, यादव माघ १५ गते वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय निर्देशक र अमात्य कात्तिक २१ गते प्रमुख प्राविधिक अधिकृतको रुपमा कार्यरत रहदा सेवानिवृत्त हुनुभएको थियो ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**